**खण्ड ३**

## आ.व. २०७४।०७५ को नीति, बजेट तथा कार्यक्रम

### ३.१ सोच

निजगढ नगरपालिकालाई स्मार्ट सिटीका रुपमा विकास गर्ने ।

### ३.२ लक्ष्य

दिगो पूर्वाधार विकास, रोजगारी सृजना गरिवी न्यूनीकरण गर्दै समुन्नत समाजको सृजना गर्ने ।

### ३.३ उद्देश्य

स्थानीय तहलाई सक्षम बनाई नगरको विकास निर्माण प्रक्रियामा पारदर्शीता, सेवामा सुधार तथा दिगो आर्थिक विकासका साथै नगरपालिकालाई शिक्षित, स्वच्छ र समृद्ध बनाउने ।

### ३.४ प्रमुख नीतिहरु

#### ३.४.१ आर्थिक विकास

**"बढाउनु छ कृषको आर्थिक अवस्था, गर्नुछ आधुनिक कृषिको प्रणालीको व्यवस्था"**

- लघुउद्यम विकासका माध्यमबाट गरिवी निर्वारणका लागि विभिन्न आयमूलक तथा शिपमूलक कार्यक्रम संचालन गर्न नीजि क्षेत्रको समेत सहकार्यमा आवश्यक व्यवस्था मिलाइने ।
- कृषि र पशु सेवा कार्यक्रम संचालन गर्न सम्भव भए सम्म सहकारी संस्था र अन्य संस्थाहरु समेत सहयोग लिई कार्यक्रम संचालन गरिने ।
- उद्योग व्यवसायीहरुको उद्योग प्रवर्द्धनमा सहयोग गरिने ।
- स्वरोजगार मूलक कार्यक्रमको अभिवृद्धि गर्न विभिन्न क्षेत्र, वर्ग र जातिहरुका लागि शिपमूलक तालिमको व्यवस्था गरिने ।
- श्रोत साधनको न्यायोचित वितरण गरी समाजमा रहेको आर्थिक असमनतामा कमि ल्याउने ।
- नगरको आर्थिक गतिविधि बढाउनका लागि स्वदेशी एंव विदेशी उद्योगी व्यवसायीहरुलाई आकर्षित गरी आवश्यक सहयोग उपलब्ध गराउने ।
- खाद्यान्न उत्पादन बढाउनका लागि रासायनिक मल, विउ, कृषि औजारहरको व्यवस्था गर्न ध्यान दिइने ।
- पर्यटन पूर्वधार विकसका लागि भ्यू टावर, गणेशमान सिंह मोहरी पार्क र हिरालाल पार्कको निर्माणका लागि विशेष ध्यान दिइने ।

- तरकारी, फलफूल जस्ता नगदे बालीमा कृषकहरुलाई आकर्षित गरिने ।
- उत्पादनको बजारीकरणको विकासमा ध्यान दिइनेछ ।
- दुग्ध, अण्डा र मासु जन्य उत्पादनमा प्रोत्साहन गरिने ।
- कृषिमा विषादी प्रयोगमा न्यूनिकरण गर्न ध्यान दिइनेछ ।
- पशु पन्छीको स्वास्थ्य उपचारमा निशुल्क औषधी र प्राविधिकको व्यवस्था मिलाउने ।
- पशु आहारका लागि घाँसवालीको विउ निशुल्क उपलब्ध गराइने ।
- पशुपालक दुग्ध किसानलाई एक घर एक पशु, पशु बिमा कार्यक्रम ल्याइने ।

### ३.४.२ सामाजिक विकास

**"नगर विकासको आधार, समयसापेक्षा शैक्षिक सुधार"**

- गुणस्तरीय शिक्षामा जोड दिइने छ ।
- प्राविधिक शिक्षामा सम्भाव्यता अध्ययन गरिने ।
- विद्यालय वाहिर रहेका ५-९ वर्ष मुनिका बालबालिकाहरुको पहिचान गरी विद्यालय ल्याउने व्यवस्था मिलाइने ।
- विद्यालयमा पुस्तकालय र कम्प्यूटर शिक्षाको व्यवस्था क्रमश मिलाउदै लगिने छ ।
- अंग्रेजी माध्यमको पठनपाठनलाई प्राथमिकता दिई तल्लो कक्षाबाट शुरुवात गरिने ।
- विद्यार्थी संख्या र शिक्षकको अनुपातमा दरवन्दी मिलाउने व्यवस्था गरिने ।
- समयमा नै पाठयपुस्तक उपलब्ध गराउन आवश्यक सहयोग गरिने ।
- विद्यालयलाई शैक्षिक उपलब्धीका आधारमा पुरस्कृत गरिने ।
- शिक्षकहरुको पिरमर्कालाई ध्यान दिर्दै मासिक रुपमा तलब भत्ता निकासा गर्ने व्यवस्था मिलाइने ।
- ५ वर्ष भित्र सवै नगरवासीको Health Profile तयार गर्ने र सेवा पुऱ्याउने गरी काम गर्ने ।
- विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था मिलाउने ।
- निशुल्क औषधीको व्यवस्था र शहरी स्वास्थ्य क्लिनिक थप गर्दै जाने ।
- समुदायमा सरुवा रोग प्रकोपदर, शिशु मृत्युदर तथा बाल मृत्युदर घटाइने ।
- गर्भवती सुत्केरी महिला केन्द्रीत जन स्वास्थ्य कार्यक्रमहरु संचालन गरिने ।
- स्वास्थ्य स्थिति सुधार गर्न जनचेतना जगाउने सम्बन्धी कार्यक्रमहरु तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ्य संस्थाहरुको सेवामा गुणस्तरीय सुधार ल्याइने ।

- नगरपालिका पूर्ण खोप घोषणा भएकोले अव उप्रान्त जन्मने बच्चाहरुमा पूर्ण खोप अनिवार्य गराइने ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा बहीरंग सेवाको विस्तार गरिने ।
- गर्ववती महिलाका लागि पोषण युक्त खाने कुरा उपलब्ध गराइने ।
- वडाहरुमा थप खोप केन्द्र बढाइने ।
- ई.एच.एस सेवा स्वास्थ्य संस्थाहरुमा कार्यन्वयन गरिने ।
- महिला स्वयं सेविकाका लागि प्रोत्साहन वापतको भत्तामा बुद्धि गरिने ।
- एकल, दलित र जनजाति महिलाहरुलाई लक्षित गरी सशक्तिकरण गरिने ।
- पछाडि परेका दलित, अल्पसंख्यक पिछडा वर्गका महिलाहरुलाई समूह गठन गरी आय, आर्जनमूलक काम गर्न चाहेमा अनुदान उपलब्ध गराउने ।
- स्वस्छ खानेपानीका लागि पाईप वितरण र अन्य आवश्यक व्यवस्था मिलाइने ।
- मन्दीर, गुम्बा, मस्जीद र चर्चको संरक्षणमा विशेष ध्यान दिइने ।
- खेलकुदलाई व्यवसायिक रुपमा संचालन गर्ने नीति अवलम्वन गरिने ।
- जातिय विभेद विरुद्धको जनचेतना मूलक कार्यक्रममा सहयोग गरिने ।
- लोपोन्मुख हुन लागेको आरन पेशालाई सुधार गरी आधुनिकीकरण तथा प्रवर्द्धन गरी उक्त पेशालाई विशेष अनुदान प्रदान गरिने ।

**३.४.३ पूर्वाधार विकास**

**"हाम्रो नगर हाम्रो शान स्मार्ट सिटी नगर निर्माण हाम्रो अभियान"**

- जन चाहान अनुसार दिगो र पूर्वधार विकासमा जोड दिइने ।
- वडाहरुमा टोल  विकास संस्था गठन गरी उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गरिने ।
- ठेक्का पद्धतीमा E-Biding पद्धती लागु गरिने ।
- मेट्रिक प्रणाली लागु गरिने ।
- भवनको पूर्वधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाइने ।
- सडकहरुलाई अधिकतम् चौडा बनाउने गरी सडकहरुको पूर्वधार निर्माण गर्दा खानेपानी, ढल निकास, विद्युतको एकिकृत योजना संचालन गरिने ।
- योजनाहरुको मर्मत सुधारका लागि सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइने ।
- सडकका नयाँ नयाँ ट्र्याक खोल्ने र ग्रावेल गर्ने कार्यलाई निरन्तरता दिइने ।
- नगर क्षेत्र भित्र रहेका सिंचाई कुलोहरुको मर्मत सुधार गरिने ।

- लोपोन्मुख चेपाङ जातिका लागि एकिकृत वस्ती विकास गरिने ।
- नगर भित्र PCC ढलान कार्यलाई निरन्तरता दिइने ।
- भुकम्प प्रतिरोधी घर निर्माणमा ध्यान दिइने ।
- निजगढ, सिंगौल र रतनपुरी क्षेत्रमा रिङ्ग रोडको निर्माण गर्ने कार्यलाई अगाडि बढाइने ।
- महेन्द्र राजमार्ग जोड्ने सहायक मार्गमा घर निर्माण गर्ने, घर धनीले गाडीको पार्किङको व्यवस्था आफै गर्नु पर्ने र यदि पार्किङ सुविधा नभएमा नक्शा स्वीकृत गर्ने कार्यमा रोक लगाइने नीति अवलम्वन गरिने ।
- पुरानो घरका घरधनीहरुले ३ महिना भित्र घर नक्शा अभिलेखीकरण गरेमा लाग्ने २५ प्रतिशत छुट दिइने ।
- सुरक्षित बसोवाँस व्यवस्थापनको लागि राष्ट्रिय भवन आचारसहिंताको पूर्ण पालना गराइने ।
- सौर्य उर्जा सडक बत्तीको व्यवस्था गरिने ।
- नगर क्षेत्र भित्र टाउन हल (Town Hall) को निर्माण गरिने ।
- निजगढ बाइपास सडकको कालो पत्रे पिच गर्ने कार्यलाई निरन्तरता दिइने ।
- सडकको मापदण्ड तोकी वर्गिकरण गर्ने ।

### ३.४.४ सेवा प्रवाह, सुशासन र सूचना प्रविधी

**"भ्रष्टचारमा शन्य सहनशिलता, पारदर्शी सूचना प्रणाली हाम्रो प्रतिवद्धता"**

- चौमासिकरुपमा विकास निर्माण र सार्वजनिक सेवाको सार्वजनिक सुनुवाई गरिने ।
- अनलाईन पद्धतीबाट सवै किसिमका घट्ना दर्ताहरु सवै वडाहरुमा लगिने ।
- २०७४ चैत्र मसान्तसम्म स्थानीय तहमा रहेका सामाजिक संघ संस्थाहरुको विवरण अधावधिक गरी सार्वजनिक गरिने ।
- प्रत्येक वडाहरुमा सूचना प्रविधिको विकासका लागि सेवा प्रवाहमा आधुनिककरण गर्न विद्युतीय शासन प्रणाली अवलम्वन गरी सेवामा छिटो छरितो गरिने ।
- प्रत्येक वडाहरुमा सुशासन कायम गर्न नागरिक वडापत्र, उजुरीपेटीका, सूचना पाटी आदिको व्यवस्था गरिने ।
- ८० वर्ष भन्दा माथिका वृद्ध र पूर्ण अपाङ्गता भएका व्यक्तीहरुको लागि सामाजिक सुरक्षा भत्ता बैक मार्फत घरदैलोमा उपलब्ध गराउन वडा कार्यालयबाट पहल गरिने ।
- ९० वर्ष भन्दा माथिका वृद्धाहरुलाई नगरपालिकाको तर्फबाट एकमुष्ट थप सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने ।

- वृद्ध र पूर्ण अपाङता भएका कतिपय ब्यक्तिहरुले विविध कारणबाट सामाजिक सुरक्षा भत्ता नपाएको अवस्था देखिएको हुँदा छानविन गरी नगरपालिकाका तर्फबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति लिइने ।
- २०७४ चैत्र मसान्त सम्म स्थानीय तहमा प्राप्त हुने कृषि, पशु, शिक्षा र स्वास्थ्य सेवामा रहेका सबै चल र अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी सार्वजनिक गरिने ।
- सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय कायम राख्न कर्मचारीहरुको क्षमता अविवृद्धी गर्न गोष्ठी तालिमको व्यवस्था मिलाइने ।
- सुरक्षा संवेदनाशिलतालाई ध्यान दिई निजगढ बजार क्षेत्र भित्र CCTV जढान गरिने ।
- नगर सभाबाट स्वीकृत योजनाहरुको कार्यन्वयन प्रक्रियालाई सवल तुल्याउन अनुगमन तथा सुपरिवेक्षणमा ध्यान दिइने ।
- सवै वडाहरुमा इन्टरनेट सेवालाई उच्च प्राथमिकता दिई कार्य गरिने ।
- निजगढ नगरपालिका गतिविधीहरु Web Site, FM Radio र पत्रपत्रिका मार्फत प्रचार प्रसार गरी नगरवासी समक्ष पुऱ्याइने ।
- नगरपालिकाको गतिविधी प्रसार गरे वापत संचार क्षेत्रलाई आवश्यक सहयोग र सम्मान गरिने ।
- भ्रष्टचारमा शून्य सहनशिलता कायम गर्ने ।

### ३.४.५ वातावरण तथा विपद् व्यवस्थापन

**"स्वच्छ हरभरा स्वस्थ्य हाम्रो शहर, स्वथ्य वसी हामी सवैको रहर"**

- वन वातावरण तथा भू-संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिने ।
- खानेपानी मुहान तथा अन्य जलधार संरक्षण र संवर्द्धनमा जोड दिइने ।
- नगरको फोहोरमैला व्यवस्थापनमा नीजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप शुल्कमा आधारित फोहोरमैला संकलन गरिने व्यवस्था मिलाइने ।
- कृषि कार्यमा रासायनिक विषादीको प्रयोगमा कमि ल्याउन सो मलको स्थानमा प्राङगारिक मल प्रयोग गर्ने किसानलाई मलमा अनुदान दिइने ।
- बाढी पहिरो (भूक्षय) हुने स्थानमा तटबन्धन बाँध आदिको व्यवस्था मिलाइने ।
- भूक्षय भएको दायाँ वायाँ स्थानमा र राजमार्गको दायाँबायाँ वृक्षारोपणको व्यवस्था मिलाइने ।
- ठुलो दैवी प्रकोप भूकम्प जस्ता महामारीको सामाना गर्न नगर क्षेत्र भित्र कडाईका साथ भूकम्प प्रतिरोधी घर निर्माणमा जोड दिने ।

- नगर भित्रको वातावरण स्वच्छ राख्न छुटै औधोगिक क्षेत्रका अवधारणा र उपयूक्त स्थानको चयन गरिने ।
- नगरलाई हरियाली र खुला वातावरण कायम गर्न टोलटोलमा खुला क्षेत्र राख्न प्रोत्साहन गरिने ।
- छिमेकी नगरपालिका सँग समन्वय गरी संयूक्तरुपमा अग्नी नियन्त्रणका लागि दमकलको व्यवस्था गरिने ।
- बाढी ग्रस्त सिंगौल र रतनपुरी क्षेत्रमा तारजाली सहितको तटबन्धनको कार्य गर्ने व्यवस्था मिलाइने ।
- फोहोर मैला व्यवस्थापनका लागि निश्चित ठाउँ निर्धारण गरिने ।
- निजगढ, सिंगौल र रतनपुरी क्षेत्रमा रहेको हाट बजारको सरसफाई र व्यवस्थापनमा आवश्यक सुधार गरिने ।

### ३.४.६ महिला, बालबालिका तथा अपाङ्ग हक हित:

**"एकल महिला तथा अपाङ्ग सवै हाम्रै शहर भरी, अपहेलना नगरौं कहिले बैरी सरी"**

- महिलाहरुलाई समूहमा आवद्धता गराई सामुहिक वचत परिचालन गर्न शिपको विकास गर्ने ।
- महिलाहरुको आय आर्जनमा सुधार ल्याउने ।
- किशोरीहरुलाई किसोर अवस्थामा ज्ञान र शिप उपलब्ध गराउने स्वास्थ्य शिक्षा, लैङिगक हिंसा सम्बन्धी जनचेतना जागरण गराइने ।
- महिला स्वरोजगार कोष स्थापना गरिने ।
- विद्यालयमा अध्ययन गर्दै गरेका बालबालिका किशोर किशोरीहरुको बाल क्लब दर्ता गर्ने । बाल क्लबबाट विभिन्न प्रकारका खेलकुद, हाजिरी जवाफ र साँस्कृतिक कार्यक्रम गर्न प्रोत्साहन गरिने ।
- धार्मिक साँस्कृतिक कार्यक्रम गर्दै सामाजिक सुधार गरिने ।
- यूवा पूस्ताहरुमा ज्ञान शिप हस्तान्तरण गर्ने ।
- बालमैत्री पार्क निर्माण गरिने ।
- अपाङता र फरक क्षमता भएका ब्यक्तीहरुलाई अपाङता प्रमाणपत्र वितरण गर्ने ।
- अपाङता वा फरक क्षमता भएका व्यक्तिहरुको अवस्था अनुसार सेवा सुविधा उपलब्ध गराइने ।
- जेष्ठ नागरिकहरुको सम्मान गरिने ।

**३.४.७ विषयगत निकायहरु हस्तान्तरण हुनु पुर्व सम्पन्न कार्यक्रमको समिक्षा**

यस नगरपालिकामा (स्थानिय तह) कुनै पनि विषयगत निकायहरु हस्तातरण भएका छैनन ।

**३.४.८ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमके समिक्षा**

यस निजगढ नगरपालिकामा साविक वमोजिमको स्थानीय निकाय रहेको हुदाँ सम्पन्न भएका कार्यक्रमको विवरण २मा समावेश गरीएको छ । १.

**३.४.९ गैरसरकारी संस्थावाट सम्पन्न कार्यक्रमको समिक्षा**

यस नगरपालिकासँग गैरसरकारी संस्थावाट समन्वय गरी कुनै कार्यक्रम सन्चालन भएको छैन।